बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल

प.सं. : २०८३/०८४

नेपाल सम्वत् ११४६

मिति २०८३/०६/०५

विषयः प्रेस विज्ञप्ति।

यस बाह्रदशी गाउँपालिकाले सुशासन, पारदर्शिता र विधिको शासनलाई उच्च प्राथमिकतामा राखी आम नागरिकको सर्वोच्च हितमा कार्य सम्पादन गर्दै आइरहेको व्यहोरा सर्वविदितै छ। प्रचलित कानूनको पूर्ण परिपालना र वित्तीय उत्तरदायित्वको प्रतिफलस्वरूप विगत वर्षहरूमा झापा जिल्लाका स्थानीय तहहरूमध्ये यस गाउँपालिकामा सबैभन्दा कम बेरुजु कायम भएको गौरवपूर्ण तथ्यसमेत यसै विज्ञप्तिमार्फत स्मरण गराउन चाहन्छौं।

तथापि, गाउँपालिकाको यस संस्थागत गरिमा र सुशासनप्रतिको प्रतिबद्धतामाथि आँच पुऱ्याउने दुराशययुक्त उद्देश्यले पछिल्लो समय केही सञ्चारमाध्यम तथा सामाजिक सञ्जालहरूमा सम्प्रेषित तथ्यहीन, कपोलकल्पित र भ्रामक सूचनाहरूप्रति यस गाउँ कार्यपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। विना आधार र प्रमाण, संस्था र व्यक्तिको चरित्रहत्या गर्ने गरी उठाइएका विषयहरूमा यस कार्यालयको आधिकारिक धारणा देहायबमोजिम स्पष्ट पारिएको छः

**१. "सामुदायिक कुकुर बन्ध्याकरण तथा रेबिज विरुद्धको खोप कार्यक्रम" को खर्च सम्बन्धमाः** चालू आर्थिक वर्षमा यस गाउँपालिकाका सम्पूर्ण वडाहरूमा सफलतापूर्वक सम्पन्न भएको उक्त कार्यक्रममा रु. २७ लाख खर्च भएको भनी सम्प्रेषित सूचना पूर्णतः आधारहीन र भ्रामक छ। यथार्थमा उक्त कार्यक्रम सञ्चालनमा जम्मा रु. ४,९८,०००।— (अक्षरेपी चार लाख अन्ठानब्बे हजार मात्र) खर्च भएको छ। सोको आधिकारिक बिल-भरपाई तथा यथार्थ विवरण (गोश्वारा भौचर नं. ४८७, मिति २०८२/११/२७) यस कार्यालयको लेखा प्रणालीमा सुरक्षित छ। 'सूचनाको हक सम्बन्धी ऐन, २०६४' बमोजिम सार्वजनिक निकायबाट आधिकारिक सूचना माग गर्ने कानुनी बाटो हुँदाहुँदै, जम्मा रु. ४ लाख ९८ हजारको खर्चलाई रु. २७ लाख भनी अतिरञ्जित गर्नु गाउँपालिकालाई बदनाम गराउने सुनियोजित दुस्प्रयास मात्र हो।

**२. करार कर्मचारी नियुक्ति सम्बन्धमाः**

हाल यस गाउँपालिकाअन्तर्गत कार्यरत ९० जनाभन्दा बढी करारका कर्मचारीहरू प्रचलित कानूनबमोजिम योग्यता प्रणाली (Merit System) मा आधारित खुला, निष्पक्ष र पारदर्शी प्रतिस्पर्धाबाट छनोट भएका हुन्। नियुक्तिमा नातावाद हावी भएको भन्ने आरोपलाई देहायका तथ्यहरूले खण्डन गर्दछन्:

- **कर्मचारीहरूको भौगोलिक तथा सामुदायिक विविधताः** हाल नियुक्त भएका करारका कर्मचारीहरू देशको पूर्वदेखि पश्चिमसम्मका विभिन्न भूगोल र विविध समुदायको प्रतिनिधित्व गर्ने रहेका छन्। यदि नियुक्तिमा नातावाद वा सीमित व्यक्तिको स्वार्थ हावी भएको भए, यति व्यापक भौगोलिक तथा सामुदायिक विविधता कायम हुने अवस्था नै रहँदैनथ्यो।
- **संवैधानिक हकको सुनिश्चितताः** नेपालको संविधानले हरेक नागरिकलाई रोजगारीको समान अवसर सुनिश्चित गरेको छ। सयौंको सङ्ख्यामा दरखास्त दिएका उम्मेदवारहरूबीच खुला प्रतिस्पर्धा हुँदा, आफ्नो योग्यता र क्षमताले कोही कसैको नातेदार उत्तीर्ण हुनु अस्वाभाविक होइन। योग्यता पुगेको कुनै पनि नेपाली नागरिकलाई जनप्रतिनिधि वा राष्ट्रसेवक कर्मचारीको नातेदार भएकै कारण लोकतान्त्रिक प्रतिस्पर्धामा सामेल हुन नपाउने वा उत्तीर्ण हुन नपाउने भनी वञ्चित गर्नु गैरकानुनी र संविधानको मर्मविपरीत कार्य हो।

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत
०८२/०६/०५

अध्यक्ष

- लोकसेवा आयोगको मापदण्डअनुरूपको परीक्षा प्रणाली: परीक्षाको मूल्याङ्कन पूर्ण रूपमा वस्तुगत बनाउन लोकसेवा आयोगकै ढाँचामा उत्तरपुस्तिकामा 'कोडिङ' (Coding) र 'डिकोडिङ' (Decoding) को अति गोप्य प्रणाली अवलम्बन गरिएको छ। बाह्य स्वतन्त्र विषय विज्ञबाट उत्तरपुस्तिका परीक्षण गराइने हुँदा, परीक्षकले कुन उत्तरपुस्तिका कुन परीक्षार्थी (वा कसको आफन्त) को हो भनी पहिचान नै गर्न नसक्ने वैज्ञानिक र निष्पक्ष प्रणाली लागू गरिएको छ।
- स्वार्थको द्वन्द्व व्यवस्थापन: उम्मेदवारसँग नाता सम्बन्ध जोडिएका कुनै पनि जनप्रतिनिधि वा कर्मचारीलाई परीक्षा सञ्चालन, अन्तर्वार्ता र समग्र छनोट प्रक्रियाबाट पूर्णतः अलग राखी शून्य सहनशीलता को नीति कडाइका साथ पालना गरिएको छ।

**३. उजुरीको समयसीमा र प्रशासकीय निर्णयको वैधता सम्बन्धमा:** गाउँपालिकामा कार्यरत कतिपय करार कर्मचारीहरू वर्षौंदेखि अनवरत रूपमा सेवा प्रवाह गरिरहेका छन् भने पछिल्लो समय नियुक्त भएकाहरूको हकमा पनि महिनौं बितिसकेको अवस्था छ। विज्ञापन प्रकाशन, परीक्षा सञ्चालन र नतिजा प्रकाशन हुँदाको बखत कानुनी रूपमा दाबी विरोध वा उजुरी गर्ने पर्याप्त समय हुँदा कुनै उजुरी नपर्ने, तर कर्मचारीहरूले वर्षौं र महिनौंसम्म सन्तोषजनक कार्यसम्पादन गरिसकेपश्चात् मात्र अहिले आएर विना आधार आरोप लगाइनु पूर्वाग्रहबाट प्रेरित देखिन्छ। साथै, यी सम्पूर्ण नियुक्ति र खर्चहरूको कानुनी वैधता महालेखा परीक्षकको कार्यालयबाट हुने अन्तिम लेखापरीक्षणले समेत पुष्टि गरिसकेको छ। कानूनसम्मत नभएको अवस्थामा लेखापरीक्षणबाटै बेरुजु कायम हुने कानुनी व्यवस्था सर्वविदितै छ।

**४. शैक्षिक गुणस्तर अभिवृद्धि र प्रधानाध्यापक (प्र.अ.)/शिक्षक छनोट सम्बन्धमा:**
यस गाउँपालिकाले सामुदायिक विद्यालयहरूको प्रशासनिक र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न परम्परागत अभ्यासलाई परिमार्जन गर्दै करार शिक्षक र प्रधानाध्यापकको छनोटसमेत विशुद्ध प्रतिस्पर्धात्मक प्रणाली र बाह्य विषय विज्ञहरूको प्रत्यक्ष संलग्नतामा गरेको छ। शिक्षा क्षेत्रमा हुनसक्ने बाह्य हस्तक्षेपलाई पूर्ण रूपमा निरुत्साहित गर्दै, उम्मेदवारको शैक्षिक योग्यता, पेशागत अनुभव र कार्यशैलीलाई मात्र प्रमुख आधार मानी छनोट गरी विद्यालयमा पठाइएको व्यहोरा स्पष्ट पारिन्छ।

यसै सन्दर्भमा, बाह्रदशी गाउँपालिकाको प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची-२ (संघीय शिक्षा नियमावलीको २०५९ को नवौं संशोधनको नियम ९३ उपनियम ५ तथा अनुसूची १३ सँग सम्बन्धित) का सूचकहरूका आधारमा पूर्ण रूपमा पारदर्शी मूल्याङ्कन गरिएको कुरा पनि यहाँ उल्लेख गरिन्छ। यस प्रक्रियामा उम्मेदवारहरूको न्यूनतम तथा माथिल्लो शैक्षिक योग्यता, स्थायी शिक्षण अनुभव, शैक्षिक एवं व्यवस्थापन तालिम, र विगतमा अध्यापन गरेको विषयमा प्राप्त नतिजालाई मुख्य आधार मानिएको छ। यसका साथै, उम्मेदवारले प्रस्तुत गरेको विद्यालय विकास प्रस्ताव र प्रधानाध्यापक छनौट समितिले प्रत्यक्ष परीक्षण गरेको नेतृत्व लिने क्षमतालाई समेत समग्र मूल्याङ्कनको कडी बनाएर मात्र योग्य उम्मेदवार छनोट गरिएको हो।

अतः यसरी वस्तुगत सूचकहरूमा आधारित खुला प्रतिस्पर्धाबाट छनोट भएका उम्मेदवारमध्ये संयोगवश कोही कसैको आफन्त पर्दैमा सम्पूर्ण विधि र प्रक्रियालाई नै दूषित भनी अपव्याख्या गरिनु किमार्थ न्यायोचित हुँदैन। कुनै पनि

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत

# बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा

कोशी प्रदेश, नेपाल

प.सं. : २०८३/०८४

नेपाल सम्वत् ११४६

आधार र प्रमाणविना स्थानीय सरकार, जननिर्वाचित प्रतिनिधि र इमानदार राष्ट्रसेवक कर्मचारीहरूको मानमर्दन हुने गरी सामाजिक सञ्जाल र सञ्चारमाध्यममा अफवाह फैलाउने, गालीगलौज गर्ने र संस्थागत छवि धमिल्याउने कार्यहरू प्रचलित कानूनविपरीत छन्। यस्ता अवाञ्छित गतिविधिहरू निरन्तर रहेमा 'विद्युतीय कारोबार ऐन, २०६३' लगायतका प्रचलित कानूनबमोजिम कडा कानुनी उपचार खोज्न यस कार्यालय बाध्य हुने व्यहोरासमेत यसै विज्ञप्तिमार्फत सचेत गराइन्छ।

अन्त्यमा, यस्ता निराधार र दुराशययुक्त सूचनाको भ्रममा नपर्न सम्पूर्ण आदरणीय नागरिक, नागरिक समाज तथा सरोकारवाला निकायहरूमा हार्दिक अपिल गर्दै, सम्बन्धित निकायबाट आधिकारिक तथ्य र तथ्याङ्क प्राप्त गरेर मात्र समाचार सम्प्रेषण गरी जिम्मेवार पत्रकारिताको अभ्यास गर्न सम्पूर्ण सञ्चारकर्मीहरूमा हार्दिक अनुरोध गर्दछौं।

०८३/०६/०५

..........................

गजेन्द्र थपलिया

प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत

05/06/2023

..............................

देविन्द्र प्रसाद चम्लागाई

गाउँपालिका अध्यक्ष

देविन्द्र प्रसाद चम्लागाई
अध्यक्ष